आज मिति २०८२ साल पुष महिनाको १८ गते शुक्रवारका दिन यस कार्यालयका कार्यालय प्रमुख जिल्ला न्यायाधिवक्ता श्री सीताराम राउतको अध्यक्षतामा अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलविच बैठक बसी निम्न बमोजिम निर्णय गरियो ।

**उपस्थितिः**

| | | |
|---|---|---|
| १. श्री सीताराम राउत | जि.न्या.व. | जिल्ला सरकारी वकील का.सिराहा । |
| २. श्री अनन्तराम शर्मा | प्र.उ. | जिल्ला प्रहरी कार्यालय सिराहा |
| ३. श्री कैलाश राई | प्र.ना.उ. | इ.प्र.का. लहान । |
| ४. श्री राजेशराज पुरी | प्र.ना.उ. | इ.प्र.का. मिर्चैया । |
| ५. लोकराज पोखरेल | स.जि.न्या.व. | जिल्ला सरकारी वकील का.सिराहा । |
| ६. दीपक कार्की | स. जि.न्या.व. | जिल्ला सरकारी वकील का.सिराहा । |
| ७. श्री राजु प्रसाद ढकाल | प्र.नि. | इ.प्र.का. लहान । |
| ८. श्री जिवकान्त चौधरी | प्र.नि. | इ.प्र.का. मिर्चैया । |
| ९. श्री विशाल मल्ल | प्र.नि. | इ.प्र.का. महेशपुरपतार । |
| १०.श्री सुदन के.सी. | प्र.नि. | इ.प्र.का. गोलबजार । |
| ११.श्री ओम प्रकाश यादब | प्र.नि. | जि.प्र.का. सिराहा । |

**छलफलका विषयहरुः-**

१. म्याद थप र बयान कार्यको लागि अनुसन्धान अधिकृतको उपस्थिति सम्बन्धमा।

२. कानूनले तोकेको समयसिमा भित्र अनुसन्धान प्रतिवेदन सहित मिसिल पेश गर्ने सम्बन्धमा।

३. घाँ जाँच केश फारम, ट्राफिक स्केच बयान कार्य गर्दा मिसिल संलग्न गर्ने सम्बन्धमा ।

**निर्णयहरु :-**

१. पहिलो पटक अभियुक्तको म्याद थप र बयान कार्य हुँदा अभियुक्तको कसूरको सम्बन्धमा खुलाउनु पर्ने आवश्यक कुरा सोध्ने अधिकार सरकारी वकीललाई हुनेछ भन्ने मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १६(२) मा उल्लेख भएको देखिँदा अनुसन्धान गर्ने निकायको अनुसन्धान अधिकारी अनिवार्य रुपमा उपस्थित रहनुपर्ने भनि सर्वसम्वत निर्णय गरियो।

२. कतिपय मुद्दामा पक्राउ प्रतिवादीको हकमा पच्चीसौ दिन चार बजे अनुसन्धान प्रतिवेदन प्राप्त भएको देखिँदा अभियोजनमा कठिनाई/समय अपुग रहेको देखिँदा मुलुकी फौजदारी

कार्यविधि संहिता, २०७४ को दफा ३१(२) बमोजिमको समयसिमा भित्र अनुसन्धान प्रतिवेदन पेश गर्ने भनि सर्वसम्मत निर्णय गरियो ।

३. अभियुक्तको बयान कार्य गर्दा निजले गरेको कसूरको सम्बन्धमा देखिने भौतिक सबूद प्रमाण घाँ जाँच केश फारम, ट्राफिक स्केचको सम्बन्धमा सोधनी गरि बयान कार्य गराउनुपर्ने हुँदा उल्लेखित कागजातहरु मिसिल सामेल गर्ने भनि सर्वसम्मत निर्णय गरियो ।